# रत्ननगर नगरपालिका कार्यालय
रत्ननगर, चितवन
नेपाल
फोन: ०५६-५६०५२९, ०५६-५६०५०६
फ्याक्स: ०५६-५६०६२९, ०५६-५६२४८७

## सवारी साधन खरिद सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना
## (प्रथम पटक सूचना प्रकाशित मिति २०७२।१२।२९)

यस नगरपालिका कार्यालयको लागि कार्यालय प्रयोजनका लागि जिप खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक व्यवसायीहरु, अधिकृत बिक्रेता वा संस्था, कम्पनीबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक व्यवसायीहरु वा कम्पनीले सम्बन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. ०७२/०७३ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण–पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र साथै आ.व. ०७१/०७२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, उत्पादकबाट प्राप्त आधिकारिक प्रमाण–पत्रको प्रमाणित प्रतिलिपी साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) यस कार्यालयको राजश्व शाखामा बुझाई यो सूचना प्रथम पटक प्रतिशत मितिले ३०(तीस) दिनभित्र कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको दिउँसो १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस कार्यालयको खरिद तथा जिन्सी व्यवस्थापन शाखामा दर्ता गराउन सकिनेछ ।

३. बोलपत्र सम्बन्धि कागजात दाखिला गर्दा सूचना तथा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । उल्लेखित मुल्याङ्कनका आधारहरु पुरा नगर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने छैन ।

४. दर्ता भएका बोलपत्र सोहि दिनको २:०० बजे बोलपत्र दर्ता गर्ने फर्महरुको सम्बन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनको सोहि अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ ।

५. विल अफ क्वान्टीटीमा निर्दिष्ट भए अनुसार जम्मा कबुल रकम उल्लेख गरी सो रकममा मूल्य अभिवृद्धि कर समेत जोडि कूल जम्मा अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ ।

६. शिलबन्दी बोलपत्र साथ जमानत वापत आफूले बोलपत्रमा कबुल गरेको रकमको कम्तिमा २.५ प्रतिशतले हुन आउने रकममा नघटाई यस नगरपालिका कार्यालयको राजश्व शाखामा जम्मा गरेको नगदी रसिद वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको जमानी (Bidbond) समावेश भएको हुनुपर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

७. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेसिफिकेसन तथा अन्य व्यहोरा प्रष्ट रुपमा पढिमात्र सहिछाप गरी पेश गर्नुपर्नेछ । शिलबन्दी बोलपत्रदाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु शिलबन्दी बोलपत्र साथ संलग्न हुनुपर्नेछ ।

८. रीत नपुगेको, म्याद नाघि प्राप्त भएको, केरमेट भई अंक अक्षर नबुझिने, बोलपत्रदाताको हस्ताक्षर नभएको वा सिलबन्दी नभएको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. अन्य कुराहरु स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ । थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

११ यस सम्बन्धि सूचना न. पा. को website: www.ratnanagarmun.gov.np मा राखिएको छ ।

| सि.नं. | ठेक्का नं. | सवारी साधन | संख्या | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत रकम रु |
|---|---|---|---|---|---|
| १ | १/०७२/०७३ | Four stroke four cylinder, water cooled diesel Engine Vehicle, not less than 2500 cc, Max. Rated Power out put Not less than 50 kw at government RPM. | १ | रु. १०००।- | कबुल रकमको २.५ प्रतिशतले हुने रकम |

प्रमुख
रत्ननगर नगरपालिका

पुनश्च :- यस सम्बन्धि सूचना मिति २०७२।१२।२५ गते को ~~कान्तिपुर दैनिक~~ आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित छ ।